प्रदेश सरकार

कृषि मन्त्रालय

# कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भद्रपुर, झापा

प्रदेश नं.१, नेपाल

☎: ०२३-४५२०५६, ४५२५४६

फ्याक्स नं.:०२३-४५२५४६

वेभसाईट: www.jhapa.akc.gov.np

Email: akcjhapa@gmail.com

सुचना नं.: ०१/२०७९/८०

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/३०**

यस कृषि ज्ञान केन्द्र झापाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८"**, वमोजिमका शर्तहरु पालना गरि तपशिलका कार्यक्रम कार्यान्वयनका लागि झापा जिल्ला अन्तर्गतका ईच्छुक कृषक/ कृषक समुह /सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्महरुबाट यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र (२०७९/०५/२८ गते सम्म ) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन ।थप जानकारीका लागि यस कार्यालयको फोन नं ०२३४५२०५६/०२३४५२५४६ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेभसाईट **jhapa.akc.gov.np** वाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

### तपशिल

| क्र.स | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | प्रस्तावसंग संलग्न गर्नुपर्ने कागजात तथा ध्यान दिनुपर्ने कुराहरु | कैफियत |
|---|---|---|---|---|
| १ | जैविक विषादी उत्पादन प्रवर्द्धन कार्यक्रम | लागतको अधिकतम ७५% | • कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |
| २ | प्याज उत्पादन प्रवर्द्धन कार्यक्रम | लागतको अधिकतम ७५% | • कृषक समुह/कृषि सहकारी/निजि उद्यमी।<br>• न्युनतम ३ हेक्टरको क्लष्टर हुनपर्ने | |
| ३ | हाईब्रिड मकै खेति विस्तार आयोजना (Area Based Cash Incentives) क्षेत्र विस्तार (अन्य) | प्रति कठ्ठा ५०० रुपैंया नगद प्रोत्साहन उपलब्ध गराउन सकिने | • कृषक/कृषक समुह/कृषि सहकारी/निजि उद्यमी।<br>• प्रति किसान अधिकतम १०० कठ्ठा क्षेत्रफलमा मात्र प्रोत्साहन उपलब्ध गराइनेछ<br>• जग्गा धनिपुर्जा र नागरिकताको प्रतिलिपि | |
| ४ | यूवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | लागतको अधिकतम ७५% | • १८ वर्ष देखि ५० वर्ष सम्मका विदेशबाट फर्केका वा विदेश जान लागेका स्थानिय बेरोजगार यूवाहरु। | |
| ५ | पुष्प खेतिका लागि नर्सरी स्थापना | लागतको अधिकतम ७५% | • कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |
| ६ | अलैंची प्रशोधन उद्योग यन्त्र उपकरण खरिदमा सहयोग | लागतको अधिकतम ७५% | • कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |
| ७ | अदुवा प्रशोधन उद्योग यन्त्र | लागतको अधिकतम ७५% | • कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |

२०७९/०४/३०

सागर विष्ट

निमित्त प्रमुख

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
भद्रपुर, झापा
प्रदेश नं.१, नेपाल

☎: ०२३-४५२०५६, ४५२५४६
फ्याक्स नं.:०२३-४५२५४६
वेभसाईट:www.jhapa.akc.gov.np
Email: akcjhapa@gmail.com

| | | | | |
|---|---|---|---|---|
| | उपकरण खरिदमा सहयोग | | | |
| ८ | नमुना कृषि फर्म स्थापना सहयोग कार्यक्रम | लागतको अधिकतम ७५% | •कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |
| ९ | प्राङ्गारिक मल उत्पादन पूर्वाधार तथा यन्त्र उपकरण सहयोग | लागतको अधिकतम ७५% | •कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |
| १० | सूपारी प्रशोधन उद्योग पुर्वाधार तथा यन्त्र उपकरण सहयोग | लागतको अधिकतम ७५% | •कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |
| ११ | खाधान्न भण्डारण गृह निर्माण | लागतको अधिकतम ७५% | •कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |
| १२ | बीउ प्रशोधन पूर्वाधार/बीउ भण्डारण गृह निर्माण | लागतको अधिकतम ७५% | •कृषक समुह/कृषि सहकारी/निजि उद्यमी। | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा बमोजिमको आवेदन/प्रस्तावना ।
२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदिले प्रति आवेदन रु २००/- र व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००/-राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १०००१००२०१०१०००१. राजस्व शिर्षक नं १४२२९, कार्यालय कोड ३१२०११२०११ मा आबेदन दस्तुर वापत जम्मा गरि सोको सकल भैचर पेश गर्नु पर्नेछ ।
३. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी /निजी उद्यमी/ कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र गत आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
५. कृषि सहकारी/ निजी उद्यमी/ कम्पनीको हकमा गत आ.व. २०७८/७९ को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी।
६. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस ।
७. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौतानामा ।
८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
९. संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय ।
१०. आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र।
११. प्राबिधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपी ।
१२. कार्यक्रम अनुसारका "**कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली** .२०७८"बमोजिम माग गरिएका आवश्यक कागजातहरु पुर्णता नभएमा प्रस्ताव स्वत रद्द हुनेछ ।

**नोटः माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढांचा र सम्बन्धित कार्यक्रम संचालन सम्बन्धि मापदण्ड कृषि ज्ञान केन्द्र, झापाबाट प्राप्त गर्न सक्नुहुनेछ । आवेदकहरुले बिगत ३ आर्थिक बर्षमा बिभिन्न सरकारी निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदकहरुको प्रस्तावना र आवेदन दर्ता दर्ता नहुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।**

सागर विष्ट
निमित्त प्रमुख